"हामी सबैको रहर, सभ्य र समृद्ध बेसीशहर"

बेसीशहर नगरपालिकाको आधिकारिक त्रैमासिक प्रकाशन

# बेसीशहर बुलेटिन

अङ्क: १ (साउन – असोज) | बर्ष : १ | २०८२ कार्तिक १ गते, शनिवार (नेपाल सम्वत: ११४६, कौलागा द्वादशी)

## बेसीशहर नगरपालिकाको वार्षिक समीक्षा: सुशासन र परिणाममुखी विकासमा जोड




**बन्दीपुर, श्रावण २८ र २९:**
बेसीशहर नगरपालिकाले आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित विकास कार्यक्रम तथा नीतिहरूको वस्तुनिष्ठ समीक्षा गर्दै आगामी वर्षको कार्यदिशा तय गर्न बन्दीपुरमा दुईदिने "वार्षिक प्रगति समीक्षा गोष्ठी" मिति २०८२ श्रावण २८ र २९ गते भव्यताका साथ वन्दीपुरमा सम्पन्न गरेको छ।

कार्यक्रमको उद्घाटन गर्दै नगर प्रमुख श्री गुमान सिंह अर्यालले स्थानीय सरकार जनताप्रति उत्तरदायी हुनुपर्नेमा जोड दिनुभयो। उहाँले भन्नुभयो, "यो समीक्षा केवल तथ्याङ्क प्रस्तुत गर्ने थलो मात्र होइन, यो हाम्रो कामको ऐना हो। कहाँ सफल भयौं र कहाँ चुक्यौं भन्ने इमानदार आत्ममूल्यांकनले नै हामीलाई आगामी दिनमा जनताको अपेक्षा अनुसार काम गर्ने ऊर्जा र स्पष्ट मार्गनिर्देश गर्दछ। हामी पारदर्शी र जवाफदेही शासनप्रति सदैव प्रतिबद्ध छौं।" प्रमुख प्रशासकीय अधिकृत श्री चेतनाथ अर्यालको अध्यक्षतामा सम्पन्न गोष्ठीमा नगर उप-प्रमुख पद्मा गुरुङ, नगरपालिकाका सम्पूर्ण ११ वटै वडाका वडा अध्यक्षहरू, कार्यपालिका सदस्यहरू, शाखा प्रमुखहरू तथा अन्य कर्मचारीहरूगरी कूल ६५ जनाको उत्साहजनक सहभागिता रहेको थियो। दुई दिनसम्म चलेको गोष्ठीमा सबै शाखा, वडाहरुले प्रस्तुत गरेका आ-आफ्नो वार्षिक भौतिक तथा वित्तीय प्रगति, मुख्य उपलब्धि, चुनौती र आगामी वर्षका प्राथमिकता प्रस्तुत गरेका थिए भने सोही सम्वन्धिमा विस्तृत छलफल तथा अन्तरकृया भएको थियो ।

कार्यक्रमको एक विशेष अवसरमा "वार्षिक नगर विकास योजना पुस्तिका २०८२/८३" को विमोचन समेत गरिएको थियो, जसले आगामी वर्ष सञ्चालन हुने योजना तथा कार्यक्रमहरूको स्पष्ट खाका प्रस्तुत गरेको छ।



समापन सत्रलाई सम्बोधन गर्दै प्रमुख प्रशासकीय अधिकृत श्री चेतनाथ अर्यालले गोष्ठीबाट प्राप्त सुझाव र निष्कर्षहरूलाई अक्षरशः कार्यान्वयन गरिने प्रतिबद्धता व्यक्त गर्दै उहाँले भन्नुभयो, "यो गोष्ठीले हामी सबैलाई एकै ठाउँमा बसेर खुला छलफल गर्ने र साझा बुझाइ निर्माण गर्ने अवसर दियो। यहाँबाट प्राप्त ऊर्जा र मार्गदर्शनले बेसीशहर नगरपालिकाको समग्र विकास र सुशासनमा महत्त्वपूर्ण योगदान पुर्‍याउनेछ ।" यो समीक्षा गोष्ठीले नगरपालिकाको संस्थागत सुशासन, पारदर्शिता र जवाफदेहितालाई बलियो बनाउँदै भविष्यका लागि एक स्पष्ट र एकीकृत दृष्टिकोण निर्माण गर्न सफल भएको छ।




सरुवा भई जानु भएका प्रमुख प्रशासकीय अधिकृत श्री चेतनाथ अर्याल ज्यूको फेरी भेटौला कार्यक्रम



नयाँ प्रमुख प्रशासकीय अधिकृत श्री सुमन अधिकारी ज्यूको स्वागत कार्यक्रम

## व्यवस्थापकीय कार्यदक्षताका लागि बेसीशहरको नयाँ कदम: कार्यसम्पादन करार



## प्रभावकारी एवम् छरितो सेवा प्रवाह तथा विकास व्यवस्थापनका लागि नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतबीच ४२ बुँदे सम्झौता

बेसीशहर, भदौ १३:

बेसीशहर नगरपालिकामा नागरिकलाई प्रदान गरिने सेवालाई थप छरितो, प्रभावकारी र सुशासनमैत्री बनाउने उद्देश्यका साथ नगर प्रमुख श्री गुमानसिंह अर्याल र प्रमुख प्रशासकीय अधिकृत श्री सुमन अधिकारीबीच ४२ बुँदे कार्यसम्पादन करार सम्झौता सम्पन्न भएको छ। आर्थिक वर्ष २०८२/८३ को निर्धारित लक्ष्यहरू हासिल गर्न प्रशासनिक संयन्त्रलाई जवाफदेही बनाउन मिति २०८२ भदौ १३ गते यो महत्त्वपूर्ण सम्झौता गरिएको हो।

यो सम्झौताले नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रममा समेटिएका विकासका लक्ष्यहरूलाई समयमै पूरा गर्न र प्रशासनिक कार्यलाई परिणाममुखी बनाउन स्पष्ट मार्गचित्र कोरेको छ। सो अवसरमा प्रमुख प्रशासकीय अधिकृत अधिकारीले पारदर्शिता, जवाफदेहिता र दूरदर्शितालाई केन्द्रमा राखेर काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो।




**३५ दिन भित्र वडा कार्यालयमा गई गरौं, व्यक्तिगत घटना दर्ता ।**

**व्यक्तिगत घटना दर्ता गरे मात्रै पाईन्छ राज्यले दिने सेवा सुविधा ।।**





प्रकाशक: बेसीशहर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, बेसीशहर लमजुङ

(फोन नं.): ०६६-५२०१५० | (वेवसाइट): www.besishaharmun.gov.np | (ईमेल):besishaharmunicipality@gmail.com

बेसीशहर बुलेटिन

## प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखहरु विच कार्यसम्पादन करार सम्झौता

बेसीशहर, असोज ७:
नगर प्रमुखसँग भएको सम्झौताको मर्मलाई कार्यान्वयनको तहसम्म पुऱ्याउन र जवाफदेहिताको अभ्यासलाई संस्थागत गर्न बेसीशहर नगरपालिकाले दोस्रो चरणको कार्यसम्पादन सम्झौता सम्पन्न गरेको छ। गत असोज ७ गते, प्रमुख प्रशासकीय अधिकृत श्री सुमन अधिकारीले नगरपालिकाका सम्पूर्ण शाखा प्रमुखहरूसँग छुट्टाछुट्टै कार्यसम्पादन सम्झौतामा हस्ताक्षर गर्नुभएको हो।
यो सम्झौताले नगरपालिकाका बृहत् लक्ष्यहरूलाई विषयगत शाखाहरूको कार्ययोजनासँग प्रत्यक्ष रूपमा जोडेको छ, जसले गर्दा अब प्रत्येक शाखा आफ्नो वार्षिक लक्ष्य र प्रगतिप्रति प्रत्यक्ष रूपमा जिम्मेवार हुनेछन्।
प्रमुख प्रशासकीय अधिकृत अधिकारीका अनुसार, यो तहगत जवाफदेहिता प्रणालीले उत्कृष्ट काम गर्ने कर्मचारीलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन (Performance-based Incentive) प्रदान गर्न आधार तयार पारेको छ। यसले समग्र प्रशासनिक संयन्त्रमा काम गर्ने नयाँ ऊर्जा र स्वस्थ प्रतिस्पर्धाको भावना सिर्जना गर्ने विश्वास लिइएको छ।



## बेसीशहरमा स्वास्थ्य संस्थाहरूको वार्षिक समीक्षा सम्पन्न, तथ्याङ्कको गुणस्तर र सेवा प्रवाहमा जोड



बेसीशहर, असोज ९ र १०:
बेसीशहर नगरपालिकाले स्वास्थ्य तथ्याङ्कको गुणस्तर वृद्धि गर्दै सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने उद्देश्यका साथ स्वास्थ्य संस्थाहरूको आर्थिक वर्ष २०८१/८२ को वार्षिक समीक्षा कार्यक्रम सम्पन्न गरेको छ। असोज ९ र १० गते प्रदेश जनस्वास्थ्य कार्यालयको तालिम हलमा आयोजित उक्त कार्यक्रममा गत वर्षका उपलब्धि, चुनौती र आगामी कार्यदिशाबारे गहन छलफल गरिएको थियो।
नगर प्रमुख श्री गुमान सिंह अर्यालको उपस्थितिमा सम्पन्न कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत श्री सुमन अधिकारी, सामाजिक विकास संयोजक श्री मदन बहादुर राना, प्रदेश जनस्वास्थ्य कार्यालय प्रमुख श्री प्रविण खनाल लगायतका व्यक्तित्वहरुको उपस्थिति रहेको थियो।
नगर प्रमुख श्री गुमान सिंह अर्यालको उपस्थितिमा सम्पन्न कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत श्री सुमन अधिकारी, सामाजिक विकास संयोजक श्री मदन बहादुर राना, प्रदेश जनस्वास्थ्य कार्यालय प्रमुख श्री प्रविण खनाल लगायतका व्यक्तित्वहरूको उपस्थिति रहेको थियो।
कार्यक्रममा तथ्याङ्कको नियमित प्रमाणीकरण (Verification and Validation) र विश्लेषणले आगामी स्वास्थ्य योजनाहरूलाई थप तथ्यपरक र लक्षित बनाउन मद्दत पुग्नेमा जोड दिइएको थियो।
समीक्षामा प्रस्तुत तथ्याङ्क अनुसार नगरपालिकाले बाल स्वास्थ्य र परिवार नियोजनका क्षेत्रमा उल्लेखनीय प्रगति हासिल गरेको देखिएको छ।

**आ.व. २०८१/८२ का मुख्य स्वास्थ्य सूचकहरू:**
- पूर्ण खोप: १,२०० बालबालिकाले पूर्ण खोप पाएका छन्।
- स्तनपान र पोषण: पूर्ण स्तनपान र समयमै थप खाना खुवाउने दर शतप्रतिशत रहेको छ।
- भिटामिन 'ए' कार्यक्रम: पहिलो चरणमा १०५% र दोस्रो चरणमा १०८% प्रगति हासिल भएको छ।
- परिवार नियोजन सेवा: डिपो, इम्प्लान्ट, आई.यु.सी.डी, पिल्स र बन्ध्याकरण जस्ता स्थायी तथा अस्थायी साधन प्रयोग गर्ने सेवाग्राहीको संख्या उत्साहजनक रहेको छ।
- जुकाको औषधि: पहिलो चरणमा १०७% प्रगति भए तापनि दोस्रो चरणमा ५७% मात्र रहेको तथ्याङ्कले देखाएको छ, जसलाई आगामी दिनमा सुधार गर्ने लक्ष्य राखिएको छ।

कार्यक्रममा स्वास्थ्य संस्था प्रमुखहरूले प्रस्तुत गरेको प्रगति विवरणमाथि छलफल गर्दै देखिएका समस्या समाधान गर्न र सफल अभ्यासहरूलाई सबै स्वास्थ्य संस्थामा विस्तार गर्न आवश्यक समन्वय गर्ने निर्णय गरिएको छ। यो समीक्षाले आगामी वर्षका लागि स्वास्थ्य कार्यक्रमलाई थप प्रभावकारी र नागरिकमैत्री बनाउन स्पष्ट आधार तयार गरेको छ।

## बेसीशहरमा 'सुत्केरी घरभेट' कार्यक्रम प्रभावकारीः आमा र शिशुको स्वास्थ्य सुरक्षामा महत्त्वपूर्ण योगदान



बेसीशहरः बेसीशहर नगरपालिकाले सञ्चालन गरेको 'उत्तर प्रसुति घरभेट कार्यक्रम' आमा तथा नवजात शिशुको स्वास्थ्य सुरक्षाका लागि निकै प्रभावकारी बनेको छ। चालू आर्थिक वर्ष २०८२/८३ को साउन महिनादेखि हालसम्म ९२ जना सुत्केरी महिला र उनीहरूका शिशुलाई घरमै पुगेर स्वास्थ्य सेवा प्रदान गरिएको छ, जसले सम्भावित स्वास्थ्य जोखिमलाई समयमै पहिचान गरी रोकथाम गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ।
कार्यक्रम अन्तर्गत स्वास्थ्यकर्मीहरूले सुत्केरी आमा र नवजात शिशुको नियमित स्वास्थ्य जाँच गर्नुका साथै आवश्यक स्वास्थ्य शिक्षा प्रदान गर्दै आएका छन्। यस क्रममा केही आमाहरूमा स्तन गानिने, मुन्टा फुट्ने जस्ता समस्या देखिएका थिए भने नवजात शिशुहरूमा कमलपित्त, ज्वरो र छालामा फोका आउने जस्ता सामान्य खतराका लक्षणहरू पहिचान गरिएको थियो।
कार्यक्रमको सबैभन्दा ठूलो उपलब्धिका रूपमा, घरभेटकै क्रममा एक शिशुमा कडा कमलपित्त (Severe Jaundice) देखिएपछि तत्काल अस्पताल प्रेषण (Refer) गरिएको थियो। समयमै भएको यो पहिचान र उपचारले शिशुलाई गम्भीर स्वास्थ्य जटिलताबाट जोगाउन सफल भएको छ। यो कार्यक्रमले स्वास्थ्य संस्थाको पहुँचभन्दा बाहिर रहेका वा जानकारीको अभावमा घरमै बसेका आमा तथा शिशुको स्वास्थ्य अवस्था निगरानी गर्न र मातृ तथा बाल स्वास्थ्य सूचकहरूमा सुधार ल्याउन महत्त्वपूर्ण टेवा पुऱ्याएको छ।

# बेसीशहर बुलेटिन

२०८२ कार्तिक १ गते, शनिवार
नेपाल सम्वत: ११४६, कौलागा द्वादशी




## उज्यालो र सुरक्षित बेसीशहरः नगरपालिकाले गऱ्यो CCTV र सडक बत्तीको मर्मत

**बेसीशहरः** बेसीशहर नगरपालिकाले नगर क्षेत्रभित्रको शान्ति सुरक्षा र नागरिकको सहजतालाई उच्च प्राथमिकतामा राख्दै CCTV क्यामेरा र सडक बत्तीहरूको मर्मत कार्य सम्पन्न गरेको छ। लामो समयदेखि बिग्रिएर रहेका र नियमित मर्मतको अभावमा निष्क्रिय बनेका उपकरणहरूलाई पुनः सञ्चालनमा ल्याइएपछि नगरवासीले सुरक्षा र सहजताको महसुस गरेका छन्।

यो मर्मत अभियान अन्तर्गत, नगरका मुख्य चोक, बजार क्षेत्र, संवेदनशील स्थानहरूमा जडान गरिएका अधिकांश CCTV क्यामेराहरूलाई सञ्चालनमा ल्याइएको छ। यसले अपराध न्यूनीकरण, अनुसन्धानमा सहयोग तथा सार्वजनिक सम्पत्तिको संरक्षणमा महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास नगरपालिकाले लिएको छ।

त्यसैगरी, नगरका विभिन्न वडाहरूमा बिग्रिएका सडक बत्तीहरू मर्मत गरिएपछि रात्रिकालीन समयमा हुने आवतजावत सुरक्षित र सहज बनेको छ। उज्यालो सडकले दुर्घटनाको जोखिम घटाउनुका साथै महिला, बालबालिका तथा ज्येष्ठ नागरिकहरूलाई रातिको समयमा हिँडडुल गर्न आत्मविश्वास बढाएको छ।

नगरपालिकाले यो कार्यलाई नागरिकको प्रत्यक्ष सरोकारको विषयका रूपमा लिई सम्पन्न गरेको र भविष्यमा पनि यस्ता पूर्वाधारहरूको नियमित अनुगमन तथा मर्मत गरिने प्रतिबद्धता जनाएको छ।

## विश्व स्तनपान सप्ताह भव्यताका साथ सम्पन्न



**"स्तनपानलाई प्राथमिकता दिऔं, सहयोगी वातावरण निर्माण गरौं"** भन्ने नाराका साथ बेसीशहरमा विश्व स्तनपान सप्ताह २०२५ (अगष्ट १ देखि ७) विभिन्न सचेतनामूलक कार्यक्रमहरू आयोजना गरी मनाईएको छ ।

सप्ताहव्यापी कार्यक्रमहरूले शिशुका लागि स्तनपानको महत्त्व र त्यसका लागि आवश्यक सहयोगी वातावरण निर्माणमा जोड दिएको थियो।

## बेसीशहरमा विश्व मानसिक स्वास्थ्य दिवस मनाइयोः विपद्को समयमा मानसिक स्वास्थ्य पहुँचमा जोड

**बेसीशहर, असोज २४ः**
विश्व मानसिक स्वास्थ्य दिवस, २०२५ को अवसरमा बेसीशहर नगरपालिकामा "विपद्र आपतकालीन अवस्थामा मानसिक स्वास्थ्य पहुँच" भन्ने नाराका साथ सचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ। मानसिक स्वास्थ्यको महत्त्वबारे जनचेतना फैलाउने र यससँग जोडिएका भ्रमहरू हटाउने उद्देश्यले बेसीशहर नगरपालिका स्वास्थ्य शाखा र कोशिश संस्थाको संयुक्त आयोजनामा वडा नं. ६ स्थित चण्डीस्थान स्वास्थ्य चौकीमा उक्त कार्यक्रम आयोजना गरिएको हो।

वडा नं. ६ का अध्यक्ष श्री प्रकाश थापाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्थानीय आमा समूह, टोल सुधार समिति तथा वडावासीहरूको उत्साहजनक सहभागिता रहेको थियो।



कार्यक्रममा मनोपरामर्शदाता गीता घले, जनस्वास्थ्य निरीक्षक अशोक तामाङ र कोशिस नेपालकी सामुदायिक अभियानकर्ता बबिता खनियाले तनाव व्यवस्थापन, स्व-हेरचाह, मानसिक समस्याका लक्षण र समाधानका उपायहरू, तथा विशेषगरी विपदको समयमा प्रदान गरिने मनोसामाजिक सहायता जस्ता महत्त्वपूर्ण विषयमा सहजीकरण गर्नुभएको थियो।

कार्यक्रमले मानसिक स्वास्थ्यलाई शारीरिक स्वास्थ्य जत्तिकै महत्त्व दिनुपर्ने सन्देश प्रवाह गरेको छ।

### मानसिक सुस्वास्थ्यका लागि के गर्ने?

- मानसिक स्वास्थ्यबारे खुलेर कुरा गरौं र भ्रमहरू हटाऔं।
- समस्यामा परेका साथी वा परिवारजनलाई साथ र सहयोग दिऔं।
- आवश्यक परेमा मनोविद् वा मनोचिकित्सकको सहयोग लिन नहिचकिचाऔं।
- पर्याप्त निद्रा, व्यायाम र सकारात्मक सोच जस्ता स्व-हेरचाहका विधिहरू अपनाऔं।

## बेसीशहरमा कृषि रूपान्तरणको अभियानः घरदैलोमा प्रविधि, नर्सरीमा प्रोत्साहन र महिला किसानको सशक्तीकरणमा जोड

बेसीशहर नगरपालिकाले परम्परागत कृषि प्रणालीलाई रूपान्तरण गर्दै किसानहरूको आर्थिक तथा सामाजिक जीवनस्तर उकास्ने एक महत्वाकांक्षी र दूरगामी दृष्टिकोणका साथ एकिकृत कृषि विकास कार्यक्रमहरू सञ्चालन गरिरहेको छ। आधुनिक प्रविधिको विस्तार, किसानको घरदैलोमै प्रत्यक्ष प्राविधिक सेवाको पहुँच र लक्षित वर्गको सशक्तीकरणमा आधारित यी नवीन पहलहरूले स्थानीय कृषि क्षेत्रमा एक नयाँ ऊर्जा र सकारात्मक उत्साहको सञ्चार गरेको छ।

### मौरीपालन व्यवसायलाई सुरक्षित बनाउन घरदैलोमै प्राविधिक परामर्श

मौरीपालनलाई एक सुरक्षित र व्यावसायिक उद्यमको रूपमा स्थापित गर्न नगरपालिकाले विशेष प्राथमिकता दिएको छ। विशेषतः वर्षायाममा मौरीका गोलामा विभिन्न रोग तथा अन्य समस्याहरू देखा पर्ने संवेदनशील अवस्थालाई मध्यनजर गर्दै, नगरपालिकाले मौरीपालक किसानहरूको घरदैलोमै पुगेर प्राविधिक परामर्श सेवा प्रदान गरिरहेको छ।





यस अभियान अन्तर्गत किसानहरूलाई गोलामा उत्पन्न हुन सक्ने समस्याहरूको वैज्ञानिक तवरले पहिचान गर्ने, त्यसको रोकथाम गर्ने र प्रभावकारी व्यवस्थापन गर्ने विधिहरूबारे व्यावहारिक ज्ञान प्रदान गरिएको छ। यस proactive पहलले मौरीको उत्पादनमा उल्लेख्य वृद्धि ल्याई किसानहरूको आयआर्जनमा ठोस र सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ।

### गुणस्तरीय बिरुवामा आत्मनिर्भरताका लागि नर्सरी कार्यक्रम

स्वस्थ उत्पादनको जग नै स्वस्थ बिरुवा हो भन्ने तथ्यलाई आत्मसात् गर्दै नगरपालिकाले गुणस्तरीय तरकारी तथा फलफूलका बिरुवा उत्पादन गर्ने नर्सरी कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेको छ। किसानहरूलाई आफ्नै समुदायमा पायक पर्ने गरी नर्सरी स्थापना गर्न प्रोत्साहन गर्ने उद्देश्यले मागिएको आवेदनका आधारमा, आवेदक किसानको प्राविधिक ज्ञान, क्षमता र प्रस्तावित स्थानको गहन स्थलगत निरीक्षण गरी नर्सरी स्थापनाका लागि योग्य किसानहरू छनोट गरिएको छ। यसरी स्थापित नर्सरीहरूबाट स्थानीय स्तरमै अन्य किसानहरूलाई सुपथ मूल्यमा उन्नत तथा रोग प्रतिरोधात्मक क्षमता भएका गुणस्तरीय बिरुवाहरू सहजै उपलब्ध हुनेछन्। यो कदमले नर्सरी व्यवस्थापनलाई व्यावसायिक बनाउनुका साथै बिरुवामा आत्मनिर्भरता बढाउन कोसेढुङ्गा साबित हुने विश्वास लिइएको छ।


प्रकाशक: बेसीशहर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, बेसीशहर लमजुङ



(फोन नं.): ०६६-५२०१५० | (वेवसाइट): www.besishaharmun.gov.np | (ईमेल):besishaharmunicipality@gmail.com

## महिला सशक्तीकरण र कृषि विकासको एकीकृत मोडल

कृषि क्षेत्रको समग्र विकासका लागि महिलाहरूको सक्रिय र निर्णायक सहभागिता अपरिहार्य रहेको कुरालाई मनन गर्दै नगरपालिकाले महिला सशक्तीकरणलाई कृषि विकाससँग अभिन्न रूपमा जोडेको छ। यसै सन्दर्भमा, वडा नं. ९ विम्दा बेसीस्थित 'हिमचुली कृषक महिला समूह' लाई लक्षित गरी ग्रामीण सामुदायिक विकास केन्द्र र बेसीशहर नगरपालिकाको कृषि विकास शाखाको संयुक्त साझेदारीमा व्यावसायिक गोलभेडा खेतीसम्बन्धी कृषक पाठशाला सञ्चालन गरिएको छ।
यो पाठशालाले महिला किसानहरूलाई गोलभेडा खेतीका नवीनतम प्रविधि, वैज्ञानिक रोग तथा  यस अभियान अन्तर्गत किसानहरूलाई गोलामा उत्पन्न हुन सक्ने समस्याहरूको वैज्ञानिक तवरले पहिचान गर्ने, त्यसको रोकथाम गर्ने र प्रभावकारी व्यवस्थापन गर्ने विधिहरूबारे व्यावहारिक ज्ञान प्रदान गरिएको छ। यस proactive पहलले मौरीको उत्पादनमा उल्लेख्य वृद्धि ल्याई किसानहरूको आयआर्जनमा ठोस र सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ।





## चाडपर्वमा नागरिकको सहज यात्राका लागि बेसीशहरमा सडक मर्मत सम्पन्न

बेसीशहरः
बेसीशहर नगरपालिकाले दशैं-तिहार जस्ता ठूला चाडपर्वलाई लक्षित गरी पालिकाभित्रका मुख्य ग्रामीण सडकहरूको मर्मत-सम्भार तथा सरसफाइ कार्य सम्पन्न गरेको छ। वर्षायामको बाढी-पहिरोले क्षति पुऱ्याई सवारी आवागमनमा अवरोध सिर्जना भएका सडकहरू पुनः सञ्चालनमा आएपछि नागरिकको आवतजावतमा ठूलो राहत मिलेको छ।
नगरपालिकाको आ.व. २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम अनुसार सञ्चालित यस अभियानले विशेषगरी वडा कार्यालयसम्म पुग्ने पहुँच मार्गलाई प्राथमिकतामा राखेको थियो। यस अन्तर्गत वडा नं. १, २, ३, ४, ५, ६, १० र ११ का अति प्रभावित सडक खण्डहरूमा मर्मत कार्य गरिएको हो।
पहिरो पन्छाउने, खाल्डाखुल्डी पुर्ने र नाली सफा गर्ने जस्ता कार्यहरूले सडकलाई पुनः यातायात योग्य बनाएको छ।
नगरपालिकाले प्रचलित खरिद ऐन तथा नियमावली अनुसार प्रतिस्पर्धात्मक विधिबाट यो कार्य सम्पन्न गराएको जनाएको छ।
चाडपर्वको मुखमा भएको यस सडक मर्मतले गाउँघर फर्कने र ओहोरदोहोर गर्ने हजारौं नागरिकलाई प्रत्यक्ष लाभ पुगेको छ।
नगरपालिकाको यस समयसापेक्ष कदमले चाडपर्वको समयमा नागरिकलाई सुरक्षित र सहज यात्राको सुनिश्चितता प्रदान गरेको स्थानीयले महसूस गरेका छन्





## जिल्ला प्रहरी कार्यालयको समन्वयमा बेसीशहरका चार स्थानमा ANPR CCTV क्यामेरा जडान गरिने

नगरपालिकाले नगर क्षेत्रको सुरक्षा व्यवस्थालाई थप सुदृढ, प्रविधिमैत्री र प्रभावकारी बनाउने उद्देश्यले बजार क्षेत्र भित्र चारवटा महत्त्वपूर्ण स्थानहरूमा अत्याधुनिक **ANPR (Automatic Number Plate Recognition)** सीसीटिभी क्यामेराहरू जडान गर्ने भएको छ।
नगरभित्रका संवेदनशील क्षेत्रहरू र मुख्य प्रवेश नाकाहरूलाई लक्षित गरी यी क्यामेराहरू जडान गर्न लागिएको हो। 'एएनपिआर' प्रविधियुक्त यी क्यामेराहरूले गुडिरहेका सवारी साधनहरूको नम्बर प्लेट स्पष्ट रूपमा पहिचान गर्ने र त्यसको विवरण स्वचालित रूपमा भण्डारण गर्ने क्षमता राख्नेछन्।

नगरपालिकाका अनुसार, आगामी दिनमा आवश्यकता हेरी अन्य महत्वपूर्ण स्थानहरूमा पनि यस्ता अत्याधुनिक प्रविधिहरू विस्तार गर्दै लगिने योजना रहेको छ। प्रविधिको यो उच्चतम प्रयोगले सुरक्षित र सभ्य नगर निर्माणको अभियानमा ठूलो सहयोग पुग्ने विश्वास लिइएको छ।

### यस कार्यबाट हुने मुख्य फाइदाहरूः

- **अपराध नियन्त्रणः** सीसीटिभीको निगरानीले चोरी, डकैती र अन्य आपराधिक क्रियाकलाप न्यूनीकरणमा मद्दत पुग्नेछ। कुनै घटना घटेमा अपराधी र सवारी साधनको पहिचान गर्न सहज हुनेछ।
- **सवारी आवागमन निगरानीः** नगर भित्र प्रवेश गर्ने र बाहिरिने सवारी साधनहरूको चौबिसै घण्टा निगरानी हुनेछ, जसले ट्राफिक व्यवस्थापनलाई समेत सहज बनाउनेछ।
- **सुरक्षाको प्रत्याभूतिः** मुख्य नाकाहरूमा प्रविधिको प्रयोगले नगरबासीहरूमा सुरक्षाको थप महसुस गराउने अपेक्षा गरिएको छ।

## नस्ल सुधारदेखि रोग नियन्त्रणसम्मः बेसीशहर नगरपालिकाको पशु स्वास्थ्य शाखाले कृषकलाई दियो प्रत्यक्ष लाभ

**बेसीशहरः** बेसीशहर नगरपालिकाको पशु स्वास्थ्य शाखाले स्थानीय कृषकहरूको आयआर्जन वृद्धि र पशुपालन व्यवसायलाई आधुनिकीकरण गर्न प्रदान गरेका सेवाहरूले प्रत्यक्ष र सकारात्मक प्रभाव पारेको छ। नस्ल सुधार, रोग नियन्त्रण र वैज्ञानिक पशु व्यवस्थापन जस्ता महत्त्वपूर्ण क्षेत्रमा शाखाले खेलेको सक्रिय भूमिकाले कृषकहरूले प्रत्यक्ष लाभको अनुभूति गरेका छन्।
हालैको तथ्याङ्क अनुसार, शाखाबाट कुल **१०९७ जना कृषकहरूले** विभिन्न सेवाहरू लिएका छन्, जसले पशुधनको स्वास्थ्य र उत्पादकत्वमा गुणात्मक सुधार ल्याएको छ।

**शाखाले प्रदान गरेका मुख्य सेवाहरूः**

**पशु उपचार सेवाः** ६२२ जना कृषकहरूले आफ्ना पशुहरूको उपचार गराएका छन्।
**कृत्रिम गर्भाधान (नस्ल सुधार):** १९१ जना कृषकहरूले यो सेवामार्फत उन्नत नश्लका पशु उत्पादनतर्फ लागेका छन्।
**प्रयोगशाला सेवाः** २३१ जना कृषकहरूले रोगको सही निदानका लागि प्रयोगशाला सेवाको उपयोग गरेका छन्।
**अन्य सेवाहरूः** खोप तथा पशु बन्ध्याकरण जस्ता सेवाहरूबाट पनि दर्जनौं कृषक लाभान्वित भएका छन्। यी सेवाहरूले बहुआयामिक प्रभाव पारेका छन्। कृत्रिम गर्भाधानले पशुहरूको नश्ल सुधार गरी दूध तथा मासु उत्पादन बढाउन मद्दत गरेको छ भने, प्रयोगशाला र उपचार सेवाले रोगको समयमै पहिचान गरी पशुधनको क्षति न्यूनीकरण गरेको छ।
समग्रमा, पशु स्वास्थ्य शाखाको यो सक्रियताले बेसीशहरका कृषकहरूलाई व्यावसायिक पशुपालनतर्फ आकर्षित गर्दै उनीहरूको आर्थिक अवस्था सुदृढ गर्न र स्थानीय कृषि अर्थतन्त्रलाई बलियो बनाउन ठोस योगदान पुर्‍याएको छ।

## बेसीशहरमा शैक्षिक सुधारको बहसः प्रविधिमैत्री र गुणस्तरीय शिक्षाका लागि सरोकारवाला एकजुट



**बेसीशहर, असोज २:** राष्ट्रिय शिक्षा दिवसको अवसरमा बेसीशहर नगरपालिकाले शैक्षिक गुणस्तरमा गुणात्मक सुधार ल्याउने उद्देश्यका साथ एक बृहत् अन्तरक्रिया तथा सुझाव संकलन कार्यक्रम सम्पन्न गरेको छ। नगरपालिकाको शिक्षा समिति, पालिकाभित्रका सम्पूर्ण विद्यालयका प्रधानाध्यापकहरू तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूबीच भएको यो छलफलले भविष्यको शैक्षिक कार्यदिशा तय गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ।
कार्यक्रममा सहभागीहरूले शैक्षिक सुधारका लागि पाठ्यक्रम कार्यान्वयन, शिक्षक तालिम र विद्यार्थी मूल्यांकन प्रणालीमा गर्नुपर्ने सुधारहरूका बारेमा गहन छलफल गरेका थिए। विशेषगरी, आजको युगमा **प्रविधिमैत्री शिक्षा**को अपरिहार्यतामा जोड दिँदै विद्यालयहरूमा डिजिटल पूर्वाधार विकास गर्न र शिक्षकहरूलाई आवश्यक तालिम प्रदान गर्न नगरपालिकाले खेल्नुपर्ने भूमिकाबारे ठोस सुझावहरू प्रस्तुत गरियो। साथै, विद्यालयको **अनुगमन प्रणाली**लाई थप प्रभावकारी र सहयोगी बनाउने संयन्त्र निर्माण गर्नुपर्नेमा सबैको साझा मत थियो।
कार्यक्रमबाट संकलित राय, सल्लाह र सुझावहरूलाई आगामी शैक्षिक नीति तथा कार्यक्रममा समावेश गरिने नगरपालिकाको शिक्षा शाखाले जनाएको छ। यो अन्तरक्रियाले नगरपालिका र विद्यालयहरूबीचको समन्वयलाई थप सुदृढ बनाउँदै शैक्षिक सुधारका लागि साझा प्रतिबद्धता निर्माण गर्न सफल भएको छ।


## संविधान दिवसमा बेसीशहर नगरपालिकाद्वारा आदर्श महिला तथा वालविकास केन्द्रमा खाद्यान्न र स्टेशनरी सामग्री सहयोग





**बेसीशहर, असोज ३:** बेसीशहर नगरपालिकाले संविधान दिवस, २०८२ लाई औपचारिक कार्यक्रममा मात्र सीमित नराखी, संविधानले सुनिश्चित गरेको बाल अधिकारको सम्मान गर्दै एक मानवीय कार्यका साथ मनाएको छ। यस अवसरमा नगरपालिकाले शुक्रबार बेसीशहरस्थित आदर्श महिला तथा बाल विकास केन्द्रमा आश्रित बालबालिकालाई खाद्यान्न र स्टेशनरी सामग्री सहयोग गर्दै उनीहरूको भविष्य निर्माणमा साथ दिएको हो।
कार्यक्रममा नगर प्रमुख श्री गुमानसिंह अर्याल, उपप्रमुख श्रीमती पद्मा गुरुङ र प्रमुख प्रशासकीय अधिकृत श्री सुमन अधिकारी लगायतको टोलीले केन्द्रमा पुगेर बालबालिकाको शैक्षिक यात्रामा टेवा पुर्‍याउने स्टेशनरी, पोषिलो खानाका लागि खाद्यान्न तथा फलफूल हस्तान्तरण गर्नुभयो। उक्त सामग्री केन्द्रकी उपाध्यक्ष श्रीमती धनु पियाले ग्रहण गर्नुभएको थियो।
सो अवसरमा बोल्दै नगर प्रमुख अर्यालले संविधानको मूल मर्म नै नागरिकको संरक्षण र भविष्य सुनिश्चित गर्नु रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "असहाय अवस्थामा रहेका बालबालिकाको शिक्षा र संरक्षणमा हामी सबैको साझा दायित्व छ । उनीहरूलाई मेहनतपूर्वक अध्ययन गरी असल नागरिक बन्न प्रेरणा दिनु नै संविधानप्रतिको सच्चा सम्मान हो।"
यस मानवीय कार्यमा ऐक्यबद्धता जनाउन वडा नं. १० का अध्यक्ष गंगाबहादुर थापा, नगरपालिकाका प्रेस सल्लाहकार कृष्ण केसी, विभिन्न शाखाका प्रमुखहरू, अन्य जनप्रतिनिधि तथा कर्मचारीहरूको उपस्थिति रहेको थियो। यो उपस्थितिले बालबालिकाको हितप्रतिको नगरपालिकाको सामूहिक प्रतिबद्धतालाई दर्शाएको छ ।


प्रकाशक: बेसीशहर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, बेसीशहर लमजुङ
(फोन नं.): ०६६-५२०१५० | (वेवसाइट): www.besishaharmun.gov.np | (ईमेल):besishaharmunicipality@gmail.com


बेसीशहर बुलेटिन


आ.व.२०८२/०८३ को स्रोतगत आय अनुमान
कुल वार्षिक विनियोजन: ७७,४८,९१,८४१/००
आन्तरिक स्रोत ६०१४५०००. ८%
राजश्व बांडफांड १६५७७७८४१ २१%
प्रदेश अनुदान २७५६९००० ४%
संघीय अनुदान ५२१४००००० ६७%
संघीय अनुदान
प्रदेश अनुदान
राजश्व बांडफांड
आन्तरिक स्रोत


आय अनुमान र आय विवरण
कुल अनुमान:७७,४८,९१,८४१/००
कुल आय: २३,०७,१२,३६३/९८ (२९.७७%)
प्राप्त हुन बाँकी आय: ५४,४१,७९,४७७/०२
५२१४००००० १३७४४२०००. ३८३९५८०००
२७५६९००० ४३९२२५० २३१७६७५०
१६५७७७८४१ १६०४३६५८ १४९७३४१८३
६०१४५०००. ७२८३४४५५.७१
संघीय अनुदान
प्रदेश अनुदान
राजश्व बांडफांड
आन्तरिक स्रोत-१२६८९४५६
आय अनुमान
हालसम्मको आय
प्राप्त हुन बाँकी आय


चालु र पुँजीगत खर्च को अवस्था
कुल खर्च :१०,२९,९१,६३४/१४
२४००४२., 0%
१०२७५१५९२.१४, 100%
चालु खर्च
पुँजीगत खर्च


क्षेत्रगत बजेट र खर्च
४७९६५००० ९८९४०३
३६९७८९००० ७५७४२६१६.०४
१८३३१००००. २१६२४२
१३८८०००० ४३५४६८
१५९९४७८४१ २५६०७९०५.१
७७४८९१८४१. १०२९९१६३४.१४
आर्थिक विकास
सामाजिक विकास
पूर्वाधार विकास
सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र
कार्यालय संचालन र प्रशासनिक
कुल
विनियोजन
खर्च


क्षेत्रगत खर्च विश्लेषण
कुल खर्च: १०,२९,९१,६३४/१४
आर्थिक विकास , ९८९४०३, १%
कार्यालय संचालन र प्रशासनिक, २५६०७९०५.१, २५%
सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र, ४३५४६८, ०%
पूर्वाधार विकास, २१६२४२, ०%
सामाजिक विकास , ७५७४२६१६.०४, ७४%
आर्थिक विकास
सामाजिक विकास
पूर्वाधार विकास
सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र
कार्यालय संचालन र प्रशासनिक